# सुदूरपश्चिम विश्वविद्यालय
## परीक्षा नियन्त्रण कार्यालय
### महेन्द्रनगर, कञ्चनपुर ।

**स्नातक तह तेस्रो सेमेस्टरको परीक्षा दिने परीक्षार्थीहरूको परीक्षा आवेदन फाराम भर्ने सम्बन्धी जरूरी सूचना ।**

**सूचना प्रकाशित मिति : २०८१ । ०१ । २१ गते**

सुदूरपश्चिम विश्वविद्यालय परीक्षा नियन्त्रण कार्यालय महेन्द्रनगरद्वारा वि.सं. **२०८१** सालमा संचालन हुने सेमेस्टर प्रणालीमा सञ्चालित **Undergraduate** (स्नातक) तह मानविकी तथा सामाजिकशास्त्र सङ्काय, शिक्षाशास्त्र सङ्काय, व्यवस्थापन सङ्काय, विज्ञान तथा प्रविधि सङ्काय, इन्जिनियरिङ्ग सङ्काय, कृषि विज्ञान सङ्काय, कानुन सङ्कायअन्तर्गत **तेस्रो** सेमेस्टरको नियमित तथा आंशिक परीक्षा दिने परीक्षार्थीहरू स्वयम्ले निम्न विवरण अनुसार परीक्षा आवेदन फाराम भरी आ–आफ्नो क्याम्पस/क्लेज/विभागमा **मिति २०८१ ज्येष्ठ ६ गते** सम्म बुझाउन हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**निम्न**

१. आंशिक परीक्षार्थीले गत सालको सोही खण्डको परीक्षा दिएको रोल नम्बर र वर्ष फारामको निर्दिष्ट ठाउँमा अनिवार्य लेख्नु पर्ने छ ।

२. फाराम परीक्षार्थी स्वयम्ले भरी बुझाउनु पर्ने छ ।

३. फाराम भर्दा वि.वि को नियमावली/(स्वीकृत विषय) तथा पाठ्यक्रमले तोके बमोजिम विषयहरू मात्र भर्न भराउनु पर्ने छ । अन्यथा भएमा प.नि.का. जवाफदेही हुने छैन ।

४. परीक्षा दिने सैद्धान्तिक र प्रयोगात्मक विषय छुट्याई कोड नम्बर सहित पुरा नाम स्पष्ट खुलाएर लेख्नु पर्ने छ।

५. क्याम्पस/विभागले फाराम बुझाउनु अगाडि आन्तरिक मूल्यांकनको परीक्षामा उत्तीर्ण विद्यार्थीका मात्र फाराम बुझी विद्यार्थीले भरेका प्रत्येक फारामहरू अंग्रेजी वर्णानुक्रमानुसार स्पष्ट लगत राखी विद्यार्थीको नाम र रजिस्ट्रेसन नम्बर ठीक भए नभएको रुजु गर्नु पर्नेछ । प.नि.का.को **website:fwuexam.edu.np** को **Download Section** मा रहेको **Students Exam Form Format New** डाटा इन्ट्री नमूना **Download** गरी एक प्रति हस्ताक्षर सहित प्रिन्ट गरी सोको विद्युतीय प्रति प.नि.का.को ईमेल ठेगाना **info@fwuexam.edu.np** मा समेत पठाउनु पर्नेछ ।

६. परीक्षार्थीले हालसालै खिचेको दुईप्रति एकनासको पासपोर्ट साइजको फोटो टाँसी फोटो र फाराममा समेत पर्ने गरी क्याम्पस प्रमुख/विभागीय प्रमुखको हस्ताक्षर हुनु पर्ने छ ।

७. **क्याम्पस/विभागको हकमा** :- पहिलो म्याद सकिएको २ दिनभित्र नै सु.प.वि.प.नि.का. को नबिल बैङ्क महेन्द्रनगरको खाता नम्बर २९०१०१७५००४२४ अथवा नेपाल बैङ्क लिमिटेड महेन्द्रनगरको खाता नम्बर १५६००१०६८७४६६९००००००१ मा एकमुस्ट परीक्षा दस्तुर रकम जम्मा गर्नु पर्नेछ र भाउचर बनाएको ४ दिनभित्र परीक्षा आवेदन फाराम सहित उक्त भाउचर परीक्षा नियन्त्रण कार्यालयमा अनिवार्य रूपमा बुझाई सक्नु पर्नेछ ।

८. साधारण म्याद सकिएको ७ दिन भित्र दोब्बर दस्तुर लिई फाराम बुझिनेछ ।

९. परीक्षा शुल्क :- प्रति खण्ड वा सेमेस्टर स्नातक तहलाई रु ८०० लाग्नेछ ।

१०. प्रयोगात्मक शुल्क :- प्रति खण्ड वा सेमेस्टर स्नातक तहलाई प्रति विषय रु २०० का दरले लाग्ने छ ।

११. थप जानकारिका लागि प.नि.का.को **Website: www.fwuexam.edu.np** मा पनि हेर्न सकिनेछ ।

१२. **परीक्षा दिन पाउने अवधि सम्बन्धमा :** सुदूरपश्चिम विश्वविद्यालय परीक्षा व्यवस्थापन तथा सञ्चालन कार्यविधि २०७८ अनुसूची २ को नियम १०.(क) मा "४ वर्षे शैक्षिक कार्यक्रमका विद्यार्थीले पहिलो पटक परीक्षामा सम्मिलित (परीक्षा फाराम भरेको) भएको वर्षबाट ८ (आठ) वर्ष, दुई वर्षे शैक्षिक कार्यक्रम ६ वर्ष तथा जति वर्षको शैक्षिक कार्यक्रम हो त्यसमा चार वर्ष जोडेर हुन आउने वर्ष भित्र पाठ्यक्रमले तह पूरा गर्न तोकेको सम्पूर्ण आवश्यकताहरु पूरा गरी सक्नु पर्नेछ" । अथवा ४ वर्षे स्नातक तहको शैक्षिक कार्यक्रममा विद्यार्थीहरूले पहिलोपटक परीक्षामा सम्मिलित (परीक्षा फाराम भरेको) भएको वर्षवाट लगातार ८ वर्षभित्र पाठ्यक्रमले तह पूरागर्न तोकेको सम्पूर्ण आवश्यकताहरू पूरा गरी सक्नु पर्ने छ ।

परीक्षा नियन्त्रक